श्री

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री नरनाथ गिरी**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. ८७

पुनरावेदन नं. ०७५-RB-०३७१

**मुद्दाः– अग्रिम कर (२०७१/०७२) ।**

| | |
|---|---|
| जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. २८ कमलादीस्थित केन्द्रीय कार्यालय रहेको मेगा बैंक लि. (स्थायी लेखा नं. ३०४३०१२४१) को तर्फबाट अख्तियार प्राप्त ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत अनुपमा खुजेली........................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.................................... १<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौ.......................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्धय श्री डिल्लीराम श्रेष्ठ र शाहरुख राई

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कर्यालयको निर्णय मितिः–२०७५/०६/२२

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५/१२/१५

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री मेगा बैंक लि.ले आ.व. २०७१/०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७२/०९/२९ मा विवरण पेश गरेको ।

२. करदाताको उक्त आ.व. को लागि शुरू कार्यालयबाट कर परीक्षण हुँदा सोको सिलसिलामा करदाताबाट पेश भएको आयकर विवरणसाथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाइ विचार गर्दा प्रस्तुत करदाताको यस आ.व. २०७१/०७२ मा श्रोतमा करकट्टी गरी दाखिला नगरेको कर रकम (शुल्क तथा व्याज सहित) रू. ८,२०,८०८।- आयकर ऐन २०५८ को दफा ९० को उपदफा (८) बमोजिम माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नुनपर्ने कुनै ठोस सबुत/प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७५/०५/३१ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/०५/३१ मा जारी भएको सूचना करदाताले मिति २०७५/०६/०१ मा बुझीलिई सूचनाको जवाफ मिति २०७५/०६/१४ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७१/०७२ को आय विवरण बमोजिम **SWIFT** सेवाको भुक्तानी र महिला कर्मचारीको पारिश्रमिक आयमा श्रोतमा करकट्टी गरी दाखिला नगरेको रकम रु.८,२०,८०८/- आयकर ऐन २०५८ को दफा ९०(८) बमोजिम माग गर्ने गर्नु पर्ने भन्ने समेत ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/०६/२२ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५/०६/२२ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी मेगा बैंकलि.ले

प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०७/२० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. ठूला करदाता कार्यालयको निर्णय कानून सम्मत भएकोले निवेदकको जिकिर पुग्न सक्दैन भन्ने समेत आन्तरिक राजस्व विभागबाट मिति २०७५/१२/१५ मा भएको निर्णय ।

७. **SWIFT** सेवा नेपालमा श्रोत नभएको गैर बासिन्दा हो यसको प्रमुख कार्यालय बेल्जियममा रहेको यो सूचना सम्प्रेषण गर्ने संस्था भएको र विधुतिय माध्यमबाट कारोबार हुने र भुक्तानीको श्रोत विदेशी भएकोमा नेपालमा नै श्रोत भएको मानी अग्रिम कर कट्टी माग गर्नु र अविवाहित महिलाले मात्र आफनो आयमा १० प्रतिशत कर छुट पाउने भन्ने अर्थ गरी दम्पति महिलालाई दश प्रतिशत कर छुट नदिइ अग्रिम कर कट्टी माग गर्ने गरी भएको शुरु कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको प्रशासकीय पुनरावलोकनको निर्णय त्रुटीपुर्ण भएकोले बदर गरी पाउँ भन्ने समेत यस न्यायाधिकरणमा मिति २०७६/२/१६ मा परेको पुनरावेदनपत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०७/६ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक पक्षबाट उपस्थित विद्धान अधिवक्ताद्धय श्री डिल्लीराम श्रेष्ठ र शाहरुख राईले अग्रिम करकट्टी तर्फ SWIFT सेवामा संयन्त्र जडान नभएको, आयमा करकट्टी नहुने कानूनी प्रावधान रहेको, महिलालाई अग्रिम कर कट्टि प्रयोजनमा कानून सम्मत रुपले दिएको छुट १० प्रतिशतलाई अमान्य गर्न नमिल्ने भै भुक्तानीमा अग्रिमकर नै लाग्ने प्रावधान नै नभएकोमा अग्रिम कर कट्टी माग गरेको शुरुको निर्णय बदर हुनु पर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्नुभयो।

१०. त्यस्तै प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान उपन्यायधिवक्ता श्री शम्भु कुमार बस्नेतले SWIFT ले Money Transfer गर्ने हुँदा त्यस्ता सेवाको भुक्तानीमा अग्रिम कर लाग्ने नियम कानून सम्मत नै हो । महिलालाई छुट दिंदा दोहोरो छुट हुने (दम्पती र महिला) हुँदा Special Provision भए पनि दोहोरो दिन मिल्ने कानूनी व्यवस्था नरहेकोले अग्रिम कर कट्टी माग गरेको शुरु कार्यालयको निर्णय कानूनसम्मत भएकोले सदर हुनुपर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्नु भयो।

११. उपरोक्तानुसार दुवै पक्षका विद्धानहरुको बहस सुनी, पुनरावेदनपत्र सहितका मिसिल संलग्न फायल कागजात हेरी शुरुको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन ? भनी निर्णय दिनु पर्ने देखिन आयो ।

१२. सो बमोजिम निर्णय तर्फ विचार गर्दा निम्नलिखित पुनरावेदन जिकिरका विषयमा निम्नबमोजिम हुने देखिन आयो ।

**(अ) SWIFT सेवामा कर कट्टी सम्बन्धमाः-**पुनरावेदकले SWIFT सेवामा भुक्तानी गरेको रकमको सम्बन्धमा नेपालमा आयका श्रोत नरहेका रकमको भुक्तानीमा कर कट्टी गर्न नमिल्ने भनी जिकिर लिएको भएतापनि आयकर ऐन, २०५८ को दफा ६७(६)(ज) र (झ)(१) ले गरेको व्यवस्था बमोजिम तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रहजस्ता सञ्चारको माध्यमबाट खबर वा सूचना सम्प्रेषण गर्ने व्यवसाय सम्प्रेषण गर्ने व्यक्तिले त्यस्ता खवर वा सूचना नेपालमा उत्पति भएको वा नभएको जे भएपनि नेपालमा स्थापित संयन्त्रहरुबाट खबर वा सूचनाको संप्रेषणका सम्बन्धमा सो व्यक्तिले प्राप्त गरेको भुक्तानी नेपालमा श्रोत रहेको भुक्तानी हुने र त्यस्तो भुक्तानीको स्थान जहाँसुकै भएपनि नेपालमा सो कार्यहरु भएमा त्यस्ता भुक्तानीहरुको स्रोत पनि नेपालमा नै रहेको मानिने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा प्रस्तुत विवादलाई हेर्दा सेवा प्रदान गर्ने संयन्त्रहरुको कुनै अंश अन्य मुलुकहरुमा अवस्थित भएपनी SWIFT सेवा प्रदान गर्न सम्झौता गरी कारोवार गरेको, सो सेवा Software को माध्मबाट संचालन भएको, सो Software संचालन गर्न सेवा प्रदायक कम्पनीबाट License, Password, User Id वा Code आदि लिएर कारोवार गरेको, सेवा प्राप्त गर्नको लागी आवश्यक इन्टरनेट सेवा नेपालकै इन्टरनेट प्रदायकबाट प्रात गरेको, SWIFT/Router /VISA सेवा प्राप्त गर्नको लागी आवश्यक पर्ने कम्प्युटर, मोडेम लगायतका संयन्त्रहरु नेपालमै जडान भएको तथा सेवासँग आवद्ध व्यक्ति तथा निकाय नेपालमा रहेका र सेवाको उपलब्धता समेत नेपालमा भएकोले सेवा वापतको भुक्तानीको श्रोत नेपालनै हो भनी मान्नु पर्ने हुन आउँछ । तसर्थ त्यस्तो प्रकारको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने देखिदा शुरु कार्यालयबाट उपरोक्त उल्लिखित SWIFT समेतका सेवामा भएको भुक्तानीमा अग्रिम कर लिने गरी गरेको निर्णय मिलेकै देखिन आयो ।

**आ) महिला कर्मचारीलाई १० प्रतिशत छुट नदिएको सम्बन्धमाः–** महिला कर्मचारीहरुको पारिश्रमिक आयमा लाग्ने करमा १० प्रतिशतले घटी कर तिर्ने गरी सुविधा दिएकोलाई प्रत्यर्थीहरुले अमान्य गरी दम्पत्ति सुबिधा लिएका महिला कर्मचारिले उक्त सुविधा नपाउने भन्ने अर्थमा कर निर्धारण गरेको देखियो । ऐनको अनुसूचि-१ को दफा १(११) मा पारिश्रमिक आय मात्र भएका महिलाको आयमा लाग्ने आयकरमा १० प्रतिशतले छुट पाउने भन्ने स्पष्ट व्यवस्था

गरेको देखिन्छ । प्रत्यर्थी कार्यालयले पारिश्रमिक आय बाहेक अन्य श्रोतबाट समेत आय आर्जन भएको प्रमाणित गर्न सकेको अवस्था देखिदैन । महिलाहरुमा रोजगारी बृद्धिहोस र आत्मनिर्भरता कायम हुनसकोस भन्ने समेतको अभिप्रायले विधायिकाले दिएको यस प्रकारको सुविधालाई अन्यथा अर्थ गरी कर सुविधाबाट वन्चित गर्नु विशेष संरक्षणको संवैधानिक मान्यता तथा सम्बन्धित कानूनी व्यवस्था विपरीत हुन जान्छ । आयकर निर्देशिका २०६६ (संशोधन २०६८) को पृष्ट १५४ मा उदाहरण सहित सो सुविधा दिन मिल्ने गाइड लाइन आन्तरिक राजस्व विभागबाट जारी भएको स्थितिमा दम्पति सुविधा लिएका महिला कर्मचारीहरुले १० प्रतिशत कर छुटको सुविधा नपाउने भन्नु न्याय संगत हुँदैन । कानूनको सम्बन्धित दफाको प्रतिबन्धात्मक वाक्यांशमा यो यस्तो अवस्थामा नपाउने भनी स्पष्ट रुपमा व्यवस्था गरेको अवस्थामा बाहेक कानूनमा लेखिएको व्यवस्थालाई अन्यथा अर्थ गरी अर्थात दम्पत्ति सुविधा लिएका महिला कर्मचारीहरुले तिर्नुपर्ने करमा १० प्रतिशत कर छुट नपाउने भन्ने अर्थ गरी सो सुबिधाबाट बन्चित हुने गरी भएको उक्त सम्बद्ध निर्णय कानुन, सद्विवेक र न्यायका मान्य सिद्धान्त प्रतिकूल भएको देखिन आयो । अतः उक्त निर्णय उल्टी भइ पुनरावेदकले महिला कर्मचारीहरुलाई तलव सुविधा वापतको रकम भुक्तानी गर्दा लाग्ने करमा १० प्रतिशत कर छुट पाउने मान्यताका आधारमा पारिश्रमिक भुक्तानी गरेको कानून सम्मत नै देखियो ।

१३. अतः उपरोक्त उल्लेखित आधार कारणबाट स्थायी लेखा नं. ३०४३०१२४१ भएका पुनरावेदक करदाता मेगा बैक लिमिटेडको आ.ब.२०७१/०७२ को अग्रिमकर माग गर्ने सम्बन्धमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५/६/२२ मा भएको निर्णय र सो निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५/१२/१५ मा भएको निर्णयमा महिलाको पारिश्रमिक आयमा लाग्ने करमा दश प्रतिशत छुट नदिई भएको निर्णय मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अरुमा पुनरावेदन जिकिर पुग्न सक्दैन। तपसील बमोजिम गर्नु ।

<u>तपसील</u>

माथि ठहर खण्डमा लेखिए बमोजिम पुनरावेदक करदाताको आ.व. २०७१/०७२ को अग्रमि कर सम्बन्धमा ठूला करदाता कार्यालयको निर्णयमा महिलाको पारिश्रमिक आयको तिर्नुपर्ने करमा दश प्रतिशत छुट नदिइ अग्रिम कर माग गर्ने गरी गरेको निर्णय मिलेको नदेखिँई केही उल्टी हुने ठहरेकोले सो विषयमा करदाताले दाखिला गरेको रकम कानूनको म्यादभित्र माग गरेमा नियमानुसार फिर्ता दिनु वा अर्को आ.ब.को कर रकममा समायोजन गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू.......................................................१

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू...................२

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू...............................३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.................................४

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

नरनाथ गिरी
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्ने-</u>

शाखा अधिकृतः श्री विश्वराज कुइकेल

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल पुस २७ गतेरोज १ शुभम......